आज मिति २०८१/०९/१८ गतेका दिन बिहान ११:३० बजे यस फलेवास नगरपालिकाका नगरप्रमुख श्री गंगाधर तिवारीज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रहेको छ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| १ | श्री गंगाधर तिवारी | प्रमुख |
| २ | श्री शोभाकुमारी क्षेत्री | उप-प्रमुख |
| ३ | श्री कृष्णप्रसाद आचार्य | नि. सचिव |
| ४ | श्री चोलाकान्त पाध्या | वडाध्यक्ष |
| ५ | श्री गंगा नारायण श्रेष्ठ | वडाध्यक्ष |
| ६ | श्री अर्जुनबहादुर कार्की | वडाध्यक्ष |
| ७ | श्री अच्यूत तिवारी | वडाध्यक्ष |
| ८ | श्री नारायण प्रसाद लामिछाने | वडाध्यक्ष |
| ९ | श्री नविन कुमार श्रेष्ठ | वडाध्यक्ष |
| १० | श्री केशर पन्त | वडाध्यक्ष |
| ११ | श्री मनबहादुर कुँवर | वडाध्यक्ष |
| १२ | श्री हितमान गुरुङ | वडाध्यक्ष |
| १३ | श्री अमरबहादुर क्षेत्री | वडाध्यक्ष |
| १४ | श्री रुद्रबहादुर पाठक | वडाध्यक्ष |
| १५ | श्री दुर्गाकुमारी शर्मा | कार्यपालिका सदस्य |
| १६ | श्री भगवती पौडेल | कार्यपालिका सदस्य |
| १७ | श्री सावित्रा कुमारी शर्मा | कार्यपालिका सदस्य |
| १८ | श्री सुनिता शर्मा | कार्यपालिका सदस्य |
| १९ | श्री कला नेपाली | कार्यपालिका सदस्य |
| २० | श्री नेत्र बहादुर बि.क. | कार्यपालिका सदस्य |
| २१ | श्री चन्द्र बहादुर नपाली | कार्यपालिका सदस्य |
| २२ | श्री बाबुराम विश्वकर्मा | कार्यपालिका सदस्य |
| २३ | श्री देव शर्मा लम्साल | का.वा. वडाध्यक्ष (फ.न.पा. ४) |
| २४ | श्री दुर्गाराज सुबेदी | का.वा. वडाध्यक्ष (फ.न.पा. ९) |

Scanned with CamScanner

(आ.व. २०८१।०८२, सातौं बैठक)

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, पर्वत

२०८१/०९/१८ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

*निर्णयहरु:*

१ यसअघिका कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरियो ।

२ यस वर्षको नगरस्तरिय राष्ट्रपति रनिङशिल्ड यहि २०८१।०९।२३ देखि २५ गतेसम्म फलेवास-६ स्थीत फलेवास रंगशालामा खेलाउने र सो प्रतियोगिता भव्य रुपमा सम्पन्न गर्नका लागि नगरभित्रका सम्पुर्ण विद्यालयलाई पत्राचार गर्ने, प्रचारप्रससार गर्ने लगायतका तयारी गर्न कार्यालयलाई निर्देशन दिने । सोको सम्पुर्ण तयारीका लागि कार्यालयलाई निर्देशन दिने ।

३ यस नगरको वडा नं. ८ स्थीत ठानामौला खेलमैदानमा मिति २०८१।११।२२ देखि २४ सम्म मेयरकप खेलकुद प्रतियोगिता आयोजना गर्ने । सो प्रतियोगिता भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि प्रचारप्रसार लगायतका सम्पुर्ण तयारी तिब्र पार्न कार्यालयलाई निर्देशन दिने । सो खेलकुदका लागि आगामी नगरसभाबाट आवश्यक बजेटको व्यवस्थापन गर्ने ।

४ यस नगरपालिकाको वडा नं. ३ शंकरपोखरीमा अस्थाई प्रहरी चौकी स्थापना कार्यमा सहयोग गर्ने जिल्ला प्रशासन कार्यालय पर्वत, जिल्ला प्रहरी कार्यालय पर्वत लगायत सम्पुर्ण संघसंस्था, कार्यालय तथा सम्बन्धित सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्ने साथै उक्त अस्थाई प्रहरी चौकीको भवन तथा कार्यालय व्यवस्थापन यसै नगर कार्यपालिकाको कार्यालयले गर्ने ।

५ लमाय, लिमिठाना, ठानामौला र शिवालयचोक घ्याङसिङखोला वडा नं. ११ वडा कार्यालय सडकको सम्बन्धित कामको ठेक्का स्वीकृत रकम तथा कामको प्रकृति हेरी न्यून बिड भएको रकमबाट थप कार्य अगाडी बढाउन नियमानुसार भेरिएसन आदेश तयार गर्ने ।

६ फलेवास नगरपालिकाको कार्यालय वा अन्तर्गतका कार्यालयमा कार्यरत रहिआएका अस्थाई, करार र ज्यालादारीमा कार्यरत सबै तहका कर्मचारीहरुको २०८२ असार मसान्तसम्म म्याद थप गरी कामकाजमा लगाउन कार्यालयलाई अख्तियारी प्रदान गर्ने ।

७ विगत आर्थिक वर्षहरुमा नियमानुसार ठेक्का सम्झौता भई कार्यान्वयन भइरहेका तर निर्माण सामाग्रिको उपलब्धता, यातायात तथा ढुवानीमा परेको समस्या, बाढीपहिरो लगायत बिभिन्न प्राविधिक कारणले निर्धारित समयमा सम्पन्न हुन नसकेका तपशिलमा उल्लिखित योजनाहरुको मिति २०८२ असार मसान्तसम्म म्याद थप गर्ने ।

तपशिल:

- प्रमुख प्रशासकीय भवन निर्माणकार्य ।
- बृहत फलेवास सिंचाई अन्तर्गतको लमायखोला लिफ्ट सिंचाई ।
- मनमोहन शान्ति बाटिका (डहरे देउराली पर्यटन पुर्वाधार) पुर्वाधार निर्माण ।